# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ४४ ❖ २०८३ जेठ २७ गते बुधबार ❖ Wednesday, 10 June, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


# 'चितवनको सबै वडामा रास्वपाले जित्नुपर्छ'

## रास्वपा चितवनको सभापतिमा खनाल निर्वाचित

**- बबिलाल तामाङ**

भरतपुर । रास्वपाका चितवन क्षेत्र नं १ बाट निर्वाचित सांसद् तथा राज्य व्यवस्था तथा सुशासन



समितिका सभापति हरि ढकालले आगामी स्थानीय तहको निर्वाचनमा चितवनका ९८ वडामा जित हासिल गर्नुपर्ने बताएका छन् ।

रास्वपा चितवन जिल्ला अधिवेशनको उद्घाटन गर्दै उनले भने, 'मैले पहिलो संसद्मा संख्या पुगेन भनेको थिएँ, अहिले पुगेको छ । अब चितवनका ९८वटै वडामा जित हासिल गरियो भने संख्या पूरा हुन्छ ।'

उनले आगामी स्थानीय तहको चुनावमा चितवनका सातै पालिकामा रास्वपाले जित्ने दाबी गर्दै सबै कार्यकर्तालाई संगठन विस्तारमा जुट्न आग्रह गरे ।

चितवनका रास्वपा सभापति कृष्णप्रसाद भुसालले राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा केन्द्रीय सदस्य राजन गौतमले चितवन रास्वपाको उद्गम स्थल रहेको बताए ।

यसैबीच, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चितवनको जिल्ला सभापतिमा इन्जिनियर मिनी माधव खनाल निर्वाचित भएका छन् । आइतबार सम्पन्न जिल्ला अधिवेशनबाट खनालले आफ्ना निकटतम प्रतिद्वन्द्वीलाई फराकिलो मतान्तरले पराजित गर्दै निर्वाचित भएका हुन् ।

निर्वाचनको अन्तिम मत परिणामअनुसार खनालले २२२ मत प्राप्त गरी विजयी भए । उनका प्रतिस्पर्धी कृष्णप्रसाद भुसालले १११ मत र प्रकाश आचार्यले २२ मत प्राप्त गरेका थिए । उपसभापतिमा निर्मला गिरी १९० मतसहित निर्वाचित भएकी छन् । अन्य उम्मेदवारमध्ये टीकादत्त इटनीले ८४ मत र प्रभाकर जोशीले ७३ मत प्राप्त गरेका थिए ।

यसैगरी सचिव पदमा तेजेन्द्रप्रसाद पौडेल १९४ मतसहित निर्वाचित भए । उनका प्रतिस्पर्धी नेत्र लामिछानेले १४५ मत प्राप्त गरेका थिए । सहसचिव पदमा कुशल पाठक १८७ मतसहित विजयी भए । सहसचिवका अन्य उम्मेदवार चुमबहादुर जिसीले ३७, पार्वती पाण्डेले ६९ तथा वेदप्रसाद आचार्यले ५४ मत प्राप्त गरेका थिए ।

यस्तै, क्षेत्र नं ३ को क्षेत्रीय सभापतिमा विष्णुप्रसाद पौडेल ५४ मतका साथ विजयी भए । उनका प्रतिस्पर्धी आशिष लो तामाङले ४१ मत पाए ।

# नैतिक तथा कानुनी शिक्षा र प्राथमिक उपचारसम्बन्धी अभिमुखीकरण

भरतपुर । विद्यार्थीहरूमा नैतिक मूल्य, कानुनी चेतना तथा जीवनोपयोगी सीपको विकास गर्ने उद्देश्यले आयोजित नैतिक तथा कानुनी शिक्षा र प्राथमिक उपचारसम्बन्धी विद्यार्थी अभिमुखीकरण कार्यक्रम




शनिबार सम्पन्न भएको छ । भरतपुर महानगरपालिका वडा नं. ७ को कार्यालयअन्तर्गत वडा शिक्षा समिति र अङ्कुरम् एकेडेमीको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा वडा नं. ७ भित्र रहेका अङ्कुरम् एकेडेमी, राष्ट्रिय माध्यमिक विद्यालय, कृष्णपुर र प्रेमबस्ती माध्यमिक विद्यालयका ७२ जना विद्यार्थी सहभागी थिए ।

कार्यक्रममा शुभेच्छा मन्तव्य व्यक्त गर्दै भरतपुर महानगरपालिकाका नगर शिक्षा अधिकारी सुवासचन्द्र आचार्यले विद्यालयलाई केवल भौतिक संरचनामात्र नभई सभ्य, जिम्मेवार र नैतिक नागरिक उत्पादन गर्ने सामाजिक संस्थाका रूपमा व्याख्या गरे । उनले कानुनी अज्ञानता कुनै पनि व्यक्तिका लागि छुटको आधार बन्न नसक्ने भएकाले विद्यार्थी अवस्थादेखि नै कानुनी साक्षरताको विकास गर्न आवश्यक रहेको बताए । 'मैले नजानेर कानुन उल्लङ्घन गरेँ भनेर दायित्वबाट उम्कन सकिँदैन,' उनले भने, 'त्यसैले कानुनी ज्ञानसँगै नैतिक शिक्षाको विकास पनि उत्तिकै आवश्यक छ ।'

कार्यक्रम भरतपुर महानगरपालिकाका कार्यवाहक

*(बाँकी ५ पेजमा)*

# नेकपा चितवनका संयोजक कन्दङ्बालाई पितृशोक

भरतपुर । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) चितवन जिल्ला संयोजक नरेन्द्र कन्दङ्बालाई पितृशोक परेको छ । उनका बुबा स्व. मानबहादुर कन्दङ्बाको शुक्रबार ९३ वर्षको उमेरमा आफ्नै निवासमा निधन भएको परिवारले जनाएको छ ।

आठराई गाउँपालिका वडा नं. ६, थुमसिङ, तेह्रथुम स्थायी घर भएका स्व. मानबहादुर लामो समयदेखि मुटुरोगबाट पीडित थिए ।

मुटुरोगको उपचाररत स्व. मानबहादुर अस्पतालबाट डिस्चार्ज भएको दुई दिनपछि घरमै देहत्याग गरे ।



परिवारका अनुसार उनको आफ्नै धर्म किराँत परम्पराबाट अन्त्येष्टि गरिएको छ ।

भरतपुर महानगरपालिका वडा नं. १२ का निवर्तमान वडाध्यक्ष समेत रहेका संयोजक नरेन्द्रका एक श्रीमती, दुई छोरा छन् । उनीसहित छ दाजुभाइ तथा पाँच जना दिदीबहिनी छन् ।

राजनीति क्षेत्रमा विगत लामो समयदेखि सक्रिय रहँदै आएका कन्दङ्बा समाजसेवामा पनि उत्तिकै योगदान दिएका छन् ।

भरतपुर-६, देवनगरमा स्थित पाथीभरा पशुपालन तथा दाना उत्पादन केन्द्रका उनी संचालक समेत हुन् ।

# गर्मीको समयमा विद्युत् खपत बढ्दा आपूर्तिमा समस्या

भरतपुर । बढ्दो गर्मीका कारण विद्युत्को माग बढेकाले अत्यावश्यकबाहेक अन्य विद्युतीय सामग्री नचलाउन नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण शाखाले अनुरोध गरेको छ ।

गर्मीमा विद्युतीय खपत बढेसँगै प्रसारण तथा वितरण लाइन एवम् ट्रान्सफर्ममा ओभरलोड हुन गई भोल्टेजको समस्या देखिएकाले अत्यावश्यकबाहेक अन्य विद्युतीय सामग्री सञ्चालन नगर्न नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका प्रमुख राजेन्द्रकुमार चौधरीले बताए ।

अहिले गर्मी बढेसँगै ओभरलोडका कारण ट्रान्सफर्मर पड्कने, तार पग्लने, जल्नेजस्ता समस्या आएकाले विद्युत् आपूर्तिमा समस्या हुन गएको छ ।

नेपाल विद्युत् प्राधिकरणको ग्रीड सबस्टेसन अटोमेसन आयोजनाले ग्रीड सबस्टेशनलाई अटोमेसन गर्न लागेकाले समेत विद्युत् आपूर्तिमा समस्या भएको उनले जानकारी दिए ।

भरतपुर महानगरपालिका वडा नं ११ मा रहेको सबस्टेशनमा १० वटा पिलरको फिडरलाई अटोमेसन गर्ने काम गरिएको थियो ।

वैशाख १६ गतेदेखि सुरु गरिएको अटोमेसन कार्य रोकिएको छ भने वितरण केन्द्रबाट दैनिक ६५ मेगावाट विद्युत् खपत हुँदै आएको छ ।

यस केन्द्रमा १८० मेगावाटको क्षमता रहेको छ । यहाँबाट चनौली वितरण केन्द्रमा समेत विद्युत् जाने गर्दछ । केन्द्रमा हाल ७५ हजार ग्राहक छन् । सबै ग्राहकले गर्मीको समयमा विद्युत् खपत बढाउँदा समस्या आएको चौधरीले बताए । यस वितरण केन्द्रका दुईवटा सबस्टेसनमा ९०-९० मेगावाट विद्युत् आपूति हुने गर्दछ ।


**बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.**

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

ना ४२ प १९९७

**हाम्रा सेवाहरू :**

ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड

बिल/रसिद | विवाह कार्ड | नाईलन छाप

कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।



**स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार**

❖ स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
❖ प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुनः प्रयोगलाई प्राथमिकता दिऔं,
❖ वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
❖ प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
❖ फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
❖ नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
❖ जैविक विविधताको संरक्षण गरौं ।

हरित पृथ्वी सुरक्षित भविष्य ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग


## सम्पादकीय

# बालश्रमविरुद्ध ऐक्यबद्धता जरूरी

नेपालले सन् १९८९ मा बालअधिकार महासन्धिमा हस्ताक्षर गरेर बालबालिकाको बाँच्न पाउने, संरक्षण, सहभागिता र विकास गर्ने अधिकार सुनिश्चित गर्ने प्रतिज्ञा गरेको थियो। तर, तीन दशकभन्दा बढी समय बितिसक्दा पनि बालबालिकाको अवस्था अझै दयनीय छ। अझै पनि सडकमा, कारखानामा, होटल तथा रेस्टुराँमा, सवारी साधनमा, घरेलु काममा वा जोखिमपूर्ण श्रममा संलग्न बालबालिकाको संख्या अझै पनि लाखौँको संख्यामा छ। नेपालको संविधान २०७२ को धारा ३९ र बालश्रम निषेध ऐन-२०५६ जस्ता कानुनी संयन्त्र बने पनि कार्यान्वयन पक्ष कमजोर हुँदा समस्या उस्तै देखिन्छ। बालश्रम कानुनी उल्लङ्घन मात्र नभएर सामाजिक न्यायमाथिको प्रत्यक्ष आघात हो। अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) र युनिसेफको तथ्याङ्कअनुसार विश्वभर १६ करोड बालबालिका श्रममा संलग्न छन्, जसमा आधाभन्दा बढी जोखिमपूर्ण काममा छन्। नेपालमा मात्र श्रम शक्ति सर्वेक्षण २०७४ अनुसार ११ लाख बालबालिका आर्थिक काममा संलग्न छन्, जसमध्ये दुई लाखभन्दा बढी जोखिमपूर्ण श्रममा छन्।

बालश्रम गरिबी, अशिक्षा, बेरोजगारी र सामाजिक विभेदको प्रत्यक्ष परिणाम हो। बालश्रमले बालबालिकाबाट बाल्यकाल, शिक्षा र भविष्य खोस्छ। श्रममा फसेका बालबालिका वयस्क हुँदा पनि न्यून ज्याला, असुरक्षित काम र गरिबीको चक्रबाट मुक्त हुन सक्दैनन्। यसरी बालश्रम पुस्तान्तरण हुनेगरी अन्यायलाई निरन्तरता दिन्छ। विशेषतः सीमान्तकृत समुदाय र छोरीहरू अझ बढी प्रभावित हुन्छन्, जसले सामाजिक असमानताको खाडललाई अझ गहिरो बनाउँछ। यस समस्याको समाधान कानुनी निषेधमा मात्र सीमित हुन सक्दैन। बालश्रम किन हुन्छ भन्ने जरो पहिचान गरी त्यसलाई सम्बोधन गर्नुपर्छ। अभिभावकलाई सचेत बनाउने, विद्यालयमा भर्ना गर्ने वातावरण मिलाउने, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र परिवारलाई सम्मानजनक जीवनयापन गर्न सक्ने अवसर दिने नीति आवश्यक छ। बालश्रममुक्त समाज निर्माणका लागि राज्यको दृढ इच्छाशक्ति, नागरिक समाजको खबरदारी, निजी क्षेत्रको सहभागिता र हरेक नागरिकको सचेत प्रयास अपरिहार्य छ।

नेपाल सरकारले २०७९ सम्म निकृष्ट बालश्रम अन्त्य गर्ने र २०८२ सम्म पूर्णरूपमा बालश्रम निवारण गर्ने गुरुयोजना ल्याएको छ। तर, हालसम्म ७५३ पालिकामध्ये केवल आठ पालिकाले मात्र बालश्रममुक्त घोषणा पाएका छन्। यसले के देखाउँछ भने गुरुयोजना कागजमा मात्र सीमित छ। जबसम्म स्थानीय शासन प्रणालीले बालबालिकाको संरक्षण र विकासलाई प्राथमिकता दिँदैन, तबसम्म बालश्रम अन्त्य असम्भव देखिन्छ। निष्कर्षमा भन्नुपर्दा, बालश्रम अन्त्य गर्नु कानुनी वा नीतिगत लक्ष्य होइन, यो सामाजिक न्यायको नैतिक अनिवार्यता हो। बालबालिकालाई सुरक्षित, मायालु र सम्मानजनक वातावरणमा हुर्काउने, गुणस्तरीय शिक्षा दिने र भविष्य निर्माण गर्ने अवसर प्रदान गर्नु हाम्रो साझा जिम्मेवारी हो। जबसम्म बालश्रमजस्तो अमानवीय प्रथा समाजमा रहिरहन्छ, तबसम्म सामाजिक न्याय अधुरो रहन्छ। त्यसैले बालश्रम अन्त्य गर्नु हाम्रो संवैधानिक आदर्श, मानवीय कर्तव्य र भावी पुस्ताप्रतिको साझा प्रतिज्ञा हो। बालबालिकाको अधिकारको रक्षा गर्दै न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्नका लागि सबैले बालश्रमविरुद्ध ऐक्यबद्धता जाहेर गर्नु अपरिहार्य छ।

## दृष्टिकोण

# सामाजिक सञ्जालमा प्रधानमन्त्री बालेन – 'संस्थागत पतनको पहिलो खुड्किलो'

- अनुपम भट्टराई

काठमाडौं। एक्काइसौं शताब्दीमा सूचना र प्रविधिको द्रुत विकासले मानव जीवनका हरेक पक्षलाई रूपान्तरण गरेको छ। यस रूपान्तरणबाट राज्य सञ्चालन र सार्वजनिक शासन प्रणाली पनि अछुतो रहन सकेको छैन। परम्परागत रूपमा बन्द कोठा, औपचारिक पत्रचार र कठिन लालफिताशाहीभित्र खुम्चिएको शासकीय सञ्चार आज सामाजिक सञ्जालका माध्यमबाट क्षणभरमै सार्वजनिक चोकमा आइपुग्ने अवस्था सिर्जना भएको छ। फेसबुक, एक्स, इन्स्टाग्राम जस्ता मञ्चहरूले सरकार र नागरिकबीचको दूरी घटाएका त छन्, तर यससँगै शासकीय संवेदनशीलता, प्रशासनिक गोपनीयता र पदीय मर्यादामा चुनौतीहरू पनि थपिदिएका छन्।

नेपालजस्तो संक्रमणकालीन लोकतन्त्र र कमजोर संस्थागत संरचना भएको देशमा प्रविधिको यो खुलापनले लोकतन्त्र भन्दा बढी पपुलिजम (लोकप्रियतावाद) र प्रशासनिक अराजकतालाई प्रश्रय दिएको देखिन्छ। हालै प्रधानमन्त्री, मन्त्री र राज्यका उच्च प्रशासनिक तहका पदाधिकारीहरूबीच भएका अनौपचारिक संवाद, व्यक्तिगत एसएमएसको सार्वजनिक प्रकटीकरण र त्यसमाथि राजनीतिक नेतृत्वले सामाजिक सञ्जालमा गरेका व्यंग्यात्मक टिप्पणीहरूले राज्य सञ्चालनको गम्भीरता र परिपक्वतामाथि गम्भीर प्रश्नचिह्न खडा गरिदिएका छन्।

### सार्वजनिक प्रशाशन र मर्यादा के हो ?

राज्य सञ्चालनको मूल जग भनेको स्थापित पद्धति र स्थापित विधि हो। प्रशासनतन्त्रलाई राज्यको स्थायी सरकार मानिन्छ, जसले पदीय मर्यादा, वरिष्ठता र संवेदनशीलताको कडा अनुशासन पालना गर्नुपर्दछ। राजदुत वा अन्य कुनैपनि उच्च तहको राजनीतिक वा प्रशासनिक नियुक्ति सस्तो लबिइङ वा व्यक्तिगत च्यानलको विषय हुनुहुँदैन। जब सचिव तहका कर्मचारीले देशको कार्यकारी प्रमुख (प्रधानमन्त्री) लाई व्यक्तिगत रूपमा एसएमएस पठाएर पदको सौदाबाजी गर्छन्, त्यसले नेपालको निजामती सेवाभित्र मौलाएको चरम विकृति, व्यावसायिकताको अभाव र सर्टकटबाट अवसर प्राप्त गर्ने प्रवृत्तिको नाङ्गो रूप प्रदर्शन गर्छ। तर यसभन्दा पनि भयानक पक्ष के रह्यो भने, त्यसरी प्राप्त भएको व्यक्तिगत र प्रशासनिक सञ्चारलाई संस्थागत कारबाहीको विषय बनाउनुको साटो प्रधानमन्त्री र मन्त्रीले सामाजिक सञ्जाललाई संवेगात्मक अभिव्यक्ति दिने 'मञ्च' बनाए। उपराष्ट्रपति कार्यालयका सचिव कृष्णहरि पुष्करले आफू असार २४ गते अनिवार्य अवकाशमा जाने भएकाले त्यसअघि राजदुत बन्ने चाहना राख्दै प्रधानमन्त्री बालेन्द्र साहलाई एसएमएस गरेका थिए।

त्यसमा उनले प्रधानमन्त्री शाहलाई 'आफू अवकाशमा जान लागेको र राजदूत पदमा नियुक्ति गरिदिए आभारी हुने' उल्लेख गरेका थिए। त्यसैलाई लक्षित गर्दै प्रधानमन्त्री साहले 'मलाई पनि राजदुत बन्न मन छ, प्रधानमन्त्रीको नम्बर छ भने यसो दिनुस् न' भन्दै व्यंग्य गरे। यो व्यक्तिगत रुपमा ख्याल ठट्टाको विषय त बन्ला तर यसको प्रभाव धेरै ठूलो पर्छ। प्रधानमन्त्रीको सार्वजनिक मर्यादा के हो ? प्रश्न यहाँबाट शुरु हुन्छ।

प्रशासनिक संयन्त्रभित्र जुनसुकै घटना, उजुरी वा बेथितिमाथि एक्शन लिनका लागि सुशासन ऐन, निजामती सेवा ऐन र नियमावलीका स्पष्ट कार्यविधिहरू छन्। ती विधिहरूलाई पाखा लगाएर सामाजिक सञ्जालमा 'ट्रोलिङ' वा 'एक्सपोज़' गर्ने संस्कृतिले विधिको शासनलाई भन्दा व्यक्तिवादी चरित्रलाई मद्दत गर्दछ। डेनिस लेखक हान्स कृस्टियन एन्डर्सनको एउटा प्रसिद्ध कथा छ-'द एम्पेरर्स न्यु क्लोथ'। कथामा राजालाई कुनै जादुयी चटकले नयाँ पोशाक भिडाउँछ र भन्छ महाराजले लगाएको लुगा 'मूर्ख र अयोग्य मानिसले मात्र देख्न सक्दैन।'

सन्की र घमण्डी महाराज त्यही अदृश्य पोशाक लगाएको भ्रममा जताततै नाङ्गै हिड्न थाल्छ। तर मूर्ख र अयोग्य ठहरिने डरले कोहि बोल्दैनन्। अचानक सडक किनारमा उभिएको एउटा बालकले भनिदिन्छ- 'राजा त नाङ्गै छन्।'

यस्तै हलुका र असंवेदनशील हुँदै जाने हो भने केही समय नाङ्गो राजा हेरेर कस्तो राम्रो पहिरन भन्न सकिएला तर केही समय मैले जस्तै पहिरन सबैले लगाउनु पर्छ भनेर उर्दी भयो भने के गर्ने।

### प्रधानमन्त्रि व्यक्ति होइन, मनलाग्दो गर्न पाइन्न

सिंहदरबारको मर्यादा र कार्यकारी प्रमुखको कार्यालयको आफ्नै किसिमको गरिमा र वजन हुन्छ। प्रधानमन्त्रीले राजदुत बन्न मन छ भन्नु र सामाजिक सञ्जालमा आउने 'भाइरल' हुने लहरमा बगेर मन्त्रीहरूले 'म्यासेज गर्दिम्' भन्दै उपहासको शैली अपनाउँदा कार्यपालिका एउटा व्यावसायिक सङ्गठन जस्तो नभई सामाजिक सञ्जालको एउटा 'फिड' जस्तो बन्न पुगेको छ।

सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको हरेक बोली र व्यवहारले सर्वसाधारणमा गहिरो मनोवैज्ञानिक छाप छोड्छ। लोकतान्त्रिक प्रणाली बलियो हुनका लागि नागरिकले राज्यका विभिन्न निकाय र त्यहाँ हुने नियुक्ति प्रक्रिया निष्पक्ष छ भन्ने विश्वास राख्नुपर्छ।

आम युवाहरू लोक सेवा आयोगको कठीन परीक्षा पास गरेर वा व्यक्तिगत क्षमता निखारेर देशको सेवा गर्ने सपना देखिरहेका हुन्छन्। तर जब प्रधानम्नत्री र मन्त्री आफैं व्यक्तिगत पहुँच र म्यासेजका आधारमा नियुक्तिहरू तय हुने र सौदाबाजी चल्ने पुष्टि हुनेगरी विवादमा उत्रिन्छन्, तब आम नागरिकमा 'सिस्टमप्रति चरम अविश्वास' पैदा हुन्छ।

शासकहरू जनताका वास्तविक समस्याहरू (जस्तै महँगी, रोजगारीको अभाव, कमजोर पूर्वाधार) समाधान गर्न नीतिगत बहस र कार्यान्वयनमा जुट्नुपर्नेमा सामाजिक सञ्जालमा कस्तो पोस्ट हाल्दा बढी 'लाइक' र 'कमेन्ट' आउँछन् भन्ने होडबाजीमा लागेको देखिन्छ। यसले सार्वजनिक प्रशासनलाई 'तमासा' मा परिणत गरिदिन्छ।

व्यक्तिगत म्यासेजहरू वा आन्तरिक प्रतिवेदनहरू सजिलै स्क्रिनशट लिएर सार्वजनिक गरिने प्रवृत्तिले राज्यका संवेदनशील सूचनाहरूको गोपनीयतामाथि नै आशङ्का उत्पन्न गराएको छ। यदि भोलि राष्ट्रिय सुरक्षा वा संवेदनशील कुटनीतिक मामिलाका म्यासेजहरू पनि यसैगरी बाहिर आए भने त्यसको रक्षा कसले गर्ने ?

### हलुका व्यंग्यहरू नै छवि बिगार्ने पहिलो कदम

राजदुतहरू भनेको कुनै व्यक्ति विशेषका प्रतिनिधि होइनन्, तिनीहरू समग्र राष्ट्र र सार्वभौमसत्ताका वाहक हुन्। कुटनीतिक नियुक्तिहरूमा हुनुपर्ने संवेदनशीलता र निष्पक्षताको अन्तर्राष्ट्रिय स्तरकै स्थापित मापदण्ड हुन्छ। नेपालको भू-राजनीतिक संवेदनशीलता निकै जटिल मोडमा रहेको वर्तमान अवस्थामा हाम्रो कुटनीतिक क्षेत्र निकै परिपक्व हुन आवश्यक छ। तर राष्ट्रिय स्तरमै राजदुत नियुक्तिको विषयलाई लिएर प्रधानमन्त्री आफैंले 'नम्बर माग्ने' जस्ता हलुका व्यंग्यहरू सामाजिक सञ्जालमा पोस्ट गर्दा अन्तर्राष्ट्रिय मञ्चमा नेपालको साख खस्कन्छ।

नेपालसँग आवद्ध रहेका विदेशी मित्रराष्ट्रहरू, दातृ निकाय र कुटनीतिक नियोगहरूले नेपालको आन्तरिक शासन र प्रशासनिक नेतृत्वलाई कसरी हेर्लान् ? राज्य चलाउने मुख्य व्यक्तिहरू नै सामाजिक सञ्जालमा ट्रोलिङमा व्यस्त रहँदा नेपाललाई गैर-गम्भीर र अस्थिर मुलुकका रूपमा बुझ्ने खतरा रहन्छ।

लगानीकर्ताहरूले कुनै पनि देशमा उद्योग वा पूँजी भित्र्याउनु अगाडि कुटनीतिक र कानूनी प्रणालीको स्थिरता र व्यावसायिकताको मूल्याङ्कन गर्छन्। सामाजिक सञ्जालमा छताछुल्ल हुने प्रशासनिक बेथिति र राजनीतिक अपरिपक्वताले देशको आर्थिक विकासका सम्भावनाहरूलाई नै धक्का पुर्‍याउँछ।

### के यो केवल सकारात्मक एक्सपोजर हो ?

प्रधानमन्त्री र मन्त्रीले गलत बाटोबाट नियुक्ति हात पार्न खोज्ने कर्मचारीलाई जनताको अगाडि नङ्गेझार पार्न खोजेको देखिन्छ। यसले 'हामी सेटिङमा चल्दैनौं' र दबाब अस्वीकार गर्छौं भन्ने कडा सन्देश दिन्छ। तर यसको नकारात्मक पाटो पनि हुन्छ। अराजकता र पपुलिजम बेथिति औंल्याउने बहानामा स्थापित कानूनी संयन्त्र र विभागीय कारबाहीलाई बाइपास गरिएको देखिन्छ। यसले सुधारात्मक भन्दा पनि बढी सस्तो सञ्चार र सस्तो प्रचार पाएको छ, जुन कार्यपालिकाको मर्यादा सुहाउँदो होइन र यदि ती कर्मचारी वा प्रशासकले गलत काम गरेका थिए भने उनीहरूलाई तत्काल निलम्वन गरी सुशासन ऐन अन्तर्गत स्पष्टीकरण सोधिने र सेवाबाट बर्खास्त गर्नेसम्मको प्रशासनिक शाहस नेतृत्वले देखाउनुपर्थ्यो। सामाजिक सञ्जालमा केवल रमाइलो वा व्यंग्यको साधन बनाएर मात्र छोड्नुले उहाँहरूमा प्रशासनिक अनुशासन स्थापना गर्ने इच्छाशक्ति भन्दा पनि भाइरल हुने चासो बढी रहेको उजागर गर्छ।

राज्यका उच्च पदाधिकारीहरूले सामाजिक सञ्जालमा गर्ने यस प्रकारका विवादित टिप्पणी वा हेलचेक्र्याइँ हाम्रो देशको मात्र समस्या होइन। यो विश्वभरि नै बढ्दो 'डिजिटल युग' को एउटा जटिल चुनौती हो। इतिहास र विश्वका विभिन्न देशमा यसका गम्भीर उदाहरण र परिणामहरू देखिन्छन्।

### अमेरिका (डोनाल्ड ट्रम्प र ट्विटर काण्ड)

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले एक्सलाई आफ्नो मुख्य संवाद संयन्त्र बनाएका थिए। उनले कयौं पटक सम्भावित नीतिहरू, मन्त्रीहरूको बर्खास्ती र गम्भीर कुटनीतिक घोषणाहरू पनि परम्परागत प्रेस विज्ञप्ति बिना सिधै ट्वीट मार्फत गरिदिए। सन् २०२१ मा सामाजिक सञ्जालमा उत्तेजक र विवादित सामग्री पोस्ट गरेको भन्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको ट्विटर र मेटा (फेसबुक/इन्स्टाग्राम) खाता बन्द गरिएको थियो। यो एउटा यस्तो उदाहरण हो जहाँ एक शक्तिशाली व्यक्तिले आफ्नो 'डिजिटल वाक स्वतन्त्रता' को प्रयोग गर्दा निजी कम्पनीहरूले नै उनलाई रोक लगाएका थिए। पछि यसले 'वाक स्वतन्त्रता' र 'उत्तरदायित्व' बीचको ठूलो बहस सिर्जना गर्‍यो र राष्ट्रपतिको गरिमालाई ठूलो धक्का पुर्‍यायो।

सिङ्गापुरले आफ्ना निजामती प्रशासनिक अधिकारी र मन्त्रीहरूका लागि अत्यन्तै कडा डिजिटल र सामाजिक सञ्जाल निर्देशिका जारी गरेको छ। जस अन्तर्गत कुनैपनि सरकारी कर्मचारी वा निर्वाचित अधिकारीले व्यक्तिगत सामाजिक सञ्जाल एकाउन्टबाट राज्यको छवि, काम कारबाही वा कुटनीतिक मामिलामा हलुका वा विभाजनकारी अभिव्यक्ति दिन पाउँदैनन्। यसो गरेको पाइएमा तत्कालै विभागीय छानबिन र बर्खास्तीसम्मको हदैसम्मको कारबाही हुन्छ। यसै कारण सिङ्गापुरको शासकीय प्रणालीलाई संसारमै सबैभन्दा व्यावसायिक र अनुशासित मानिन्छ।

बेलायतमा सार्वजनिक जीवनमा रहने मानिसहरूका लागि निर्धारण गरिएका सातवटा सिद्धान्तहरू छन्। निःस्वार्थता, निष्ठा, निष्पक्षता, उत्तरदायित्व, पारदर्शिता, इमानदारी, र नेतृत्व। यसलाई बेलायतको डिजिटल गाइडलाइनमा पनि कठोरतापूर्वक समाहित गरिएको छ। मन्त्री वा सांसदहरूले सामाजिक सञ्जालमा अमर्यादित वा पदीय हैसियतभन्दा बाहिर गइ प्रतिक्रिया व्यक्त गर्दा तत्काल संसदको आचरण समिति र उनको आफ्नै दलले आन्तरिक स्पष्टीकरण सोध्ने र कतिपय अवस्थामा मन्त्री पदबाटै राजीनामा दिनुपर्ने व्यवस्था छ।

### नेपालको कानूनी शुन्यता र वर्तमान चुनौतीहरू

नेपालको सन्दर्भमा कानूनी आधारहरू केलाउँदा केही कुराहरू त भेटिन्छन्, तर ती पर्याप्त र समय सान्दर्भिक छैनन्।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, ऐनले नेपालको सार्वजनिक प्रशासनलाई जवाफदेही, पारदर्शी र जनमुखी बनाउन मार्गनिर्देशन गर्छ। तर यसमा मन्त्री वा प्रधानमन्त्री जस्ता कार्यकारी पदाधिकारीहरूको सामाजिक सञ्जाल आचरण नियन्त्रण वा नियमन गर्ने कुनैपनि छुट्टै दफा छैन।

सरकारी कर्मचारीका लाग आचरण र अनुशासनका थुप्रै दायराहरू तोकिए पनि, सामाजिक सञ्जालमा के पोष्ट गर्न मिल्ने र के नमिल्ने भन्ने सम्बन्धमा स्पष्ट निर्देशिका जारी हुन सकेको छैन। जसले गर्दा वर्तमान समयमा कतिपय कर्मचारीहरू आफैं टिकटक लाइभ बस्ने, कार्यालयको गोपनीयता चुहाउने र नेतृत्वको आलोचना वा चाप्लुसी गर्ने काम गरिरहेका छन्।

अर्को तर्फ निर्वाचन जितेर मन्त्री बनेका व्यक्तिहरूमा मन्त्री पद व्यक्तिगत मनोरञ्जन वा शक्ति प्रदर्शनको विलासिता नभई एउटा अत्यन्त संवेदनशील 'राज्यको अंग' हो भन्ने चेतना र प्रशिक्षणको कमी देखिन्छ।

### अब के गर्ने - के नगर्ने ?

यस्ता बेथितिहरूलाई दोहोरिन नदिन र शासकीय गरिमा पुनर्जीवित गर्नका लागि नेपालले नीतिगत र कानूनी सुधारहरू गर्नुपर्दछ। डिजिटल आचरण निर्देशिका, कानूनी दण्डको व्यवस्था संसदीय सुनुवाई अनुगमन, मन्त्री-कर्मचारी आचारसंहिता, आधिकारिक च्यानलको पालना,आचरण समितिको गठन, सार्वजनिक शिष्टाचार मापदण्ड, बेथितिमा तत्काल सुशासन,कुटनीतिक आचरण अडिट, गोपनीयता र पदीय मर्यादा, ऐन अन्तर्गत विभागीय सजाय, नैतिकता र जवाफदेहिता. एकीकृत सार्वजनिक पदाधिकारी डिजिटल आचरण निर्देशिकाको तर्जुमा गर्न आवश्यक छ।

सरकारले तत्कालै प्रधानमन्त्री, संघीय मन्त्रीहरू, प्रदेशका मन्त्रीहरू र विशिष्ट श्रेणीका कर्मचारी (सचिव) हरूका लागि "सार्वजनिक क्षेत्र सामाजिक सञ्जाल प्रयोग आचारसंहिता जारी गर्नुपर्दछ। यस आचारसंहितामा स्पष्ट रूपमा कुनैपनि मन्त्रालयको वा व्यक्तिगत कार्यकक्षको आन्तरिक कुराकानी, गोप्य मस्यौदा वा पत्रहरूलाई सामाजिक सञ्जाल वा कुटनीतिक च्यानल बाहिर सार्वजनिक गर्न प्रतिवन्ध, अन्य राज्यका अङ्गहरू (जस्तै न्यायपालिका, व्यवस्थापिका वा कर्मचारीतन्त्र) को सार्वजनिक मानमर्दन वा उपहास गर्न नपाइने, पदीय दायित्व वहन गरिरहेको बेलामा सामाजिक सञ्जालमा लाइक वा कमेन्ट बटुल्ने उद्देश्यले मात्र लोकप्रियतावादी वा अपरिपक्व सूचनाहरू प्रवाह नगरिने व्यवस्था गर्नुपर्छ। कर्मचारी वा राजनीतिक तहबाट अनैतिक दबाब सृजना भएको खण्डमा त्यसको समाधान फेसबुक वा एक्सको सस्तो वालमा होइन, सम्बन्धित विभागीय छानबिन समिति वा अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संवैधानिक संयन्त्रहरू मार्फत अघि बढाइनुपर्छ। कसैले गलत म्यासेज पठाएमा त्यसलाई आधिकारिक मिसिलमा दर्ता गराई सुशासन ऐन अन्तर्गत दण्डित गरिनुपर्छ। यसले राज्यको शक्तिशाली उपस्थिति र विधिको शासनलाई प्रत्याभुत गर्दछ।

हाम्रो लोकतान्त्रिक सङ्गठनभित्र संसदको भुमिकालाई थप सशक्त बनाउनुपर्छ। राज्यका उच्च पदाधिकारीहरूले सामाजिक सञ्जालमा गर्ने विवादित पोस्टहरू, कुटनीतिक आचरण उल्लंघनका घटनाहरूबारे संसदको राज्य व्यवस्था तथा सुशासन समितिले कडा अनुगमन, र सुनुवाइ गर्ने परिपाटी शुरु गर्नुपर्छ। आचरण उल्लंघन गर्ने मन्त्री वा पदाधिकारीले संसद समक्ष जवाफदेही हुनुपर्ने कडा नियम स्थापना हुनुपर्दछ।

### राजनीतिक दलहरूभित्रै डिजिटल शिष्टाचार तालिम

राजनीतिक दलहरूले आफ्ना नेता र कार्यकर्ताहरूलाई सार्वजनिक रूपमा कसरी प्रस्तुत हुने र सामाजिक सञ्जाललाई कसरी रचनात्मक ढङ्गले प्रयोग गर्ने भन्ने बारेमा अभिमुखीकरण र तालिम दिनुपर्छ। पदीय मर्यादामा आँच आउने काम गर्ने जुनसुकै दलका नेता वा मन्त्रीलाई दलीय अनुशासनको कारबाही गर्ने शाहस नेतृत्वले देखाउनुपर्दछ।

इतिहासलाई पल्टाएर हेर्दा विधिको शासन र संस्थागत चरित्र बलियो भएका मुलुकहरूले नै दिगो आर्थिक, सामाजिक र कूटनीतिक प्रगति हासिल गर्न सकेका छन्। पपुलिजम (लोकप्रियतावाद) को भेल क्षणिक रूपमा लोकप्रिय लाग्न सक्छ, तर यसले अन्ततः राज्यको प्रशासनिक मेरुदण्डलाई मक्किँदै लैजान्छ र शासकीय अराजकता निम्त्याएको देखिन्छ।

प्रधानमन्त्री र मन्त्रीजस्ता राज्यका उच्च पदस्थ व्यक्तिहरूले सामाजिक सञ्जालमा व्यक्त गर्ने प्रतिक्रियालाई कुनै सामान्य ठट्टा वा सामान्य व्यंग्यका रूपमा लिएर नजरअन्दाज गरियो भने यो मुलुकको 'संस्थागत पतनको पहिलो खुड्किलो' सावित हुनसक्छ।

तसर्थ, नेपालको आफ्नै संवेदनशीलता, कुटनीतिक प्रतिष्ठा र विधिको शासन जोगाउनका लागि तत्कालै कडा र कार्यान्वयन योग्य ' प्रशासकीय तथा डिजिटल आचारसंहिता' लागू गरी पदीय मर्यादालाई पुनर्स्थापित गर्नु नै आजको मुख्य र टड्कारो आवश्यकता हो। सुधारको बाटो सस्तो लोकप्रियताको भाइरल मार्गबाट जाँदैन, यो त केवल पद्धति, नियम, र नैतिक इमानदारीको कठीन तर दिगो मार्गबाट मात्र तय हुनसक्दछ।

# 'त्रिविमा सुधारको व्यापक खाँचो छ'

भरतपुर। त्रिभुवन विश्वविद्यालयका रेक्टर प्राध्यापक डा. महानन्द चालिसेले विश्वविद्यालयमा सुधारको व्यापक खाँचो रहेको बताएका छन्। सप्तगण्डकी बहुमुखी क्याम्पसमा आयोजित प्राज्ञिक अनुसन्धानसम्बन्धी तीनदिने राष्ट्रिय सम्मेलनमा मन्तव्य राख्दै विश्वविद्यालयमा देखिएका समस्या समाधान गर्न सजिलो नभएको भन्दै डोजर लाउनुपर्ने अवस्था आएको बताएका हुन्।

डा. चालिसेले भने, ' विश्वविद्यालयमा सुधारका लागि कडा कदम चाल्नुपर्ने अवस्था आएको छ। समस्या नै समस्या भएकोले निमित्त भए पनि हामी सक्रियरुपले लागिरहेका छौं।' डा चालिसेले विश्वविद्यालयमा राजनीतिकरण र दलीयकरणले धेरै समस्या सिर्जना गरेको दाबी गरे। उनले भने, 'अझै पनि जग्गाको कुरादेखि प्रशासनिक र पूर्वपदाधिकारीका समयदेखिको समस्याहरु छन्। प्राध्यापकहरुसँग पनि धेरै समस्याहरु रहेका छन्।'

डा. चालिसेले विकासको लागि राजनीति त चाहिन्छ तर नैतिकता भएको राजनीतिज्ञ हुन जरूरी रहेको विचार राखे। उनले भने, 'राजनीति नैतिकताको हुनुपर्छ। चीनले गरेको आर्थिक रुपान्तरण र विकास शिक्षाकै कारणले हो। शिक्षाको अनुसन्धान र खोजको कारणले आएको थियो। राजनीतिक व्यक्तित्वमा सुधारको प्रतिबद्धता चाहिन्छ। उनीहरुले कम्युनिस्ट शिक्षा विधिभन्दा पनि पश्चिमा शिक्षण विधिको प्रयोग गरे।' उनले हामीले पाठ्यक्रमलाई बजार, श्रम र उत्पादनसँग कहाँतिर जोड्यौ भनेर प्रश्न पनि गरे।

यस्तै, व्यवस्थापन सङ्कायका पूर्व डिन प्राध्यापक डा. डिल्लीराज शर्माले अहिले शैक्षिक क्षेत्रमा देखिएका समस्याहरु समाधान गर्न राज्यले ध्यान दिनुपर्ने विचार राखे। उनले भने, 'शिक्षा, स्वास्थ्यको ग्यारेन्टी राज्यले गर्नुपर्छ। देशमा उद्योगधन्दा र व्यापारको विकास भएन भने हामीले जति कमाउँदै पढ्दैजस्ता कार्यक्रम ल्याए पनि केही गर्न सकिँदैन। उद्योग क्षेत्रमा लगानी हुनुपर्छ, रोजगारी बढ्नुपर्छ।'

डा. शर्माले समस्याको जड अर्थतन्त्र भएको दाबी गरे। उनले भने, 'आर्थिक विकास भएन भने शिक्षा क्षेत्रमा केही गर्न सकिँदैन। रोजगारी सिर्जना र आर्थिक विकासमा राज्यका संयन्त्रहरुको समन्वय हुनुपर्छ। विद्यार्थीहरुलाई रोजगारी कहाँ दिने ? राज्य संवेदनशील बन्नुपर्छ।' उनले अहिलेको शिक्षाले विद्यार्थीको सोच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सक्नुपर्ने विचार राखे। उनले भने, 'अहिले देशमा नैतिकताको खडेरी छ, नैतिक मूल्य, मान्यताहरु कमजोर भएका छन्। अहिलेको शिक्षाले विद्यार्थीको सिप, ज्ञान र बानी व्यवहारमा पनि रुपान्तरण ल्याउनुपर्छ।'

यसैगरी सम्मेलनमा वीरेन्द्र बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख प्रा.डा. प्रेमसागर भण्डारीले यसप्रकारको महत्त्वपूर्ण सम्मेलन गरेकोमा सप्तगण्डकी बहुमुखी क्याम्पसलाई धन्यवाद दिए। कार्यक्रमको अध्यक्षता गरेका सप्तगण्डकी बहुमुखी क्याम्पस सञ्चालन समितिका अध्यक्ष डा. रामचन्द्र अधिकारीले क्याम्पसले गरेको राष्ट्रिय सम्मेलनलाई कर्मकाण्डी हुन नदिने बताए।

कार्यक्रममा सम्मेलन आयोजक समितिको संयोजक प्रा. डा. कपिलदेव सुवेदीले सम्मेलनको उद्देश्य, मोडल र आवश्यकताबारे स्पष्ट पारे।

क्याम्पस प्रमुख खिमलाल दाहालले स्वागत मन्तव्य राखेको कार्यक्रममा सम्मेलन आयोजक समितिका उपसंयोजक वसन्तराज लामिछानेले कार्यक्रममा सहभागी प्रमुखअतिथि र अतिथिहरुलाई धन्यवाद व्यक्त गरे।

कार्यक्रममा सप्तगण्डकी बहुमुखी क्याम्पसका उपप्राध्यापक तथा कवि भूपिन र रामपुर कृषि क्याम्पसकी प्राध्यापक डा. रमा पौडेलले वातावरण दिवसको अवसरमा कविता वाचन गरेका थिए।

# नारायणी पब्लिकमा चित्रकला प्रतियोगिता सम्पन्न

भरतपुर। भरतपुर-११ मा रहेको नारायणी इङ्ग्लिस पब्लिक स्कुलले विश्व वातावरण दिवसको अवसरमा अन्तरविद्यालय चित्रकला प्रतियोगिता सम्पन्न गरेको छ।

'हाम्रो भूमि हाम्रो भविष्य' भन्ने नाराका साथ वातावरण संरक्षणसम्बन्धी चित्रकला प्रतियोगितामा १५ विगद्यालयका ३० विद्यार्थीको सहभागिता रहेको थियो। प्रतियोगितामा प्रेमबस्ती उच्च माविका विकाश शाह प्रथम, जेनिथ इङ्ग्लिस स्कुलकी श्रेया गुरूङ द्वितीय र लिटल फ्लावर स्कुलकी आश्रेया श्रेष्ठले तृतीय स्थान हासिल गरे।

विद्यालयका प्राचार्य वेदराज न्यौपानेको सभापतित्व एवम् डिभिजन वन कार्यालय चितवनका प्रमुख विष्णुप्रसाद आचार्यको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा प्रमुख निर्णयको भूमिका नवजागृति सामुदायिक वन भरतपुरका अध्यक्ष नारायणबहादुर केसीले गरेका थिए।

प्रमुखअतिथि डिभिजन वन अधिकृत आचार्यले कार्यक्रमको उद्घाटन गर्ने क्रममा दीप प्रज्वलन गर्नुको कारण, विरुवामा पानी हाल्नुको कारण र वृक्षरोपणको महत्त्वबारे जानकारी दिँदै भने, 'सके नयाँ विरुवा रोपौँ नसके अरुले रोपेको विरुवालाई जोगाउने काम गरौँ।'

कार्यक्रमका सभापति प्रचार्य न्यौपानेले विद्यालयका विद्यार्थीलाई सानैदेखि वृक्षरोपण गर्न, बोटविरुवाको हेरचाह गर्न सिकाउने हो भने मात्र हरियाली वातावरण बनाउन सकिने विचार राख्दै आफ्नो विद्यालयले यस्ता कुरा व्यवहारमा लागू गर्ने प्रतिबद्धता व्यक्त गरे।


# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔँ।

भरतपुर महानगरपालिका
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा



न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/


# स्वास्थ्य/खेलकुद



## गर्मीमा भूइँकटहर खानुका यस्ता छन् फाइदाहरु

गर्मीमा भूइँकटहर खानु शरीरका लागि निकै फाइदाजनक हुन्छ। यसमा सोडियम, पोटासियम, आइरन, प्रोटिन र भिटामिन सी प्रचुर मात्रामा पाइन्छ। यसको सेवनले रोग प्रतिरोधात्मक क्षमता बलियो हुनुका साथै पाचन प्रणाली पनि स्वस्थ रहन्छ। गर्मीमा भूइँकटहर खाँदा शरीरलाई हाइड्रेट राख्छ र गर्मीमा हुने समस्या सजिलै हट्छ। गर्मीमा भूइँकटहर प्रशस्त



मात्रामा पाइन्छ। स्वादिष्ट हुनुका साथै यसले शरीरलाई मौसमी रोगबाट पनि बचाउँछ। आउनुहोस् गर्मीमा भूइँकटहर खानुका अन्य फाइदाहरूबारे थाहा पाऔँ।

### हड्डी बलियो बनाउँछ

गर्मीमा भूइँकटहर खाँदा हड्डी बलियो हुनुका साथै शरीरलाई स्वस्थ राख्छ। यसमा पाइने क्याल्सियमले मांसपेशीको दुखाइमा राहत दिई शरीरलाई स्वस्थ राख्छ। यसमा पाइने म्यांगनीज र क्याल्सियमले हड्डीमा हुने धेरै रोगलाई निको पार्छ।

गर्मीमा भूइँकटहर खाँदा शरीरलाई स्वस्थ राख्नुका साथै मुटुलाई पनि स्वस्थ राख्छ। यसमा पाइने फाइबरले कोलेस्ट्रोलको मात्रा घटाएर मुटुलाई स्वस्थ राख्न मद्दत गर्छ। यसको सेवनले मुटुसँग सम्बन्धित रोगको जोखिम कम गर्छ र मोटोपनाबाट पनि राहत दिन्छ।

यदि तपाईं लामो समयदेखि तौल घटाउने बारे सोच्दै हुनुहुन्छ भने गर्मीमा सीमित मात्रामा भूइँकटहर खानुहोस्। भूइँकटहर खाँदा तौल घटाउनुका साथै पेटको बोसो पनि छिटो घट्छ। यसले शरीरलाई हाइड्रेटेड राख्नुका साथै मेटाबोलिजम बढाउँछ।

गर्मीमा प्रायः बान्ता आउला जस्तो हुने गर्छ। यस्तो अवस्थामा भूइँकटहरको सेवनले राहत मिल्छ। यसमा पाइने गुणले मोशन सिकनेसलाई पनि हटाएर शरीरलाई स्वस्थ राख्छ।

### प्रतिरोधी क्षमता बढाउँछ

गर्मीमा भूइँकटहर खाँदा शरीरको रोग प्रतिरोधात्मक क्षमता बढ्छ र शरीर स्वस्थ रहन्छ। भूइँकटहरमा पाइने भिटामिन सीले रोग प्रतिरोधात्मक क्षमता बढाएर मौसमी रोगको जोखिम पनि कम गर्छ। भूइँकटहर खाँदा शरीर लामो समयसम्म स्वस्थ रहन्छ।

# अण्डाको मूल्यमा वृद्धि, क्रेटको पाँच सय साठी

भरतपुर। नेपाल लेयर्स कुखुरापालक सङ्घले अण्डाको फार्म समर्थन मूल्य पुनः बढाएको छ। सङ्घको काठमाडौँमा सम्पन्न भौतिक तथा भर्चुअल बैठकले नयाँ मूल्य निर्धारण गरेको हो।

सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार देशभरका अण्डा



उत्पादक किसान तथा व्यवसायीको राय, परामर्श तथा सिफारिसका आधारमा चितवनलाई मुख्य आधार क्षेत्र मानी नयाँ दररेट तय गरिएको हो। नयाँ मूल्यसूचीअनुसार एक्सएल अण्डाको मूल्य प्रतिक्रेट (३० वटा) रु ५६०, ठूलो अण्डाको रु ५४५, मध्यम (मिडियम) अण्डाको रु ५१५ तथा सानो अण्डाको प्रतिपेटी तीन हजार रुपैयाँ कायम गरिएको छ। यसअनुसार खुद्रा बजारमा अण्डाको मूल्य करिब रु २५ भएको छ।

सङ्घले सम्पूर्ण व्यवसायी तथा सरोकारवालालाई तोकिएको मूल्यमा कारोबार गर्न आग्रह गरेको छ।

अध्यक्ष पोखरेलले गर्मी मौसमका कारण उत्पादनमा आएको उतारचढाव तथा किसानको बढ्दो उत्पादन लागतलाई ध्यानमा राखेर नयाँ समर्थन मूल्य निर्धारण गरिएको बताए।

पछिल्लो एक महिनाको अवधिमा अण्डाको मूल्य निरन्तर उकालो लागेको देखिन्छ। वैशाख २४ गते एक्सएल अण्डाको मूल्य प्रतिक्रेट रु ४६५ रहेकामा नयाँ मूल्य रु ५६० पुगेको छ, जुन रु ९५ अर्थात् करिब २० प्रतिशतले बढी हो। सोही अवधिमा ठूलो अण्डाको मूल्य रु ४९० बाट रु ५४५, मिडियम अण्डाको रु ४०० बाट रु ५१५ तथा सानो अण्डाको प्रतिपेटी मूल्य रु २ हजार ३०० बाट रु तीन हजार पुगेको छ।

सङ्घका अनुसार पछिल्ला केही सातायता अण्डाको उत्पादन घट्नुका साथै बजार माग बढ्दा मूल्यमा निरन्तर सुधार आएको हो। किसानले दाना, औषधि तथा अन्य उत्पादन सामग्रीको लागत बढ्दै जाँदा मूल्य समायोजन आवश्यक भएको सङ्घका अध्यक्ष पोखरेलले बताए।

उनका अनुसार हाल अण्डाको उत्पादन लागत प्रतिगोटा रु १९ दशमलव १२ पर्ने गरेको छ। नयाँ समर्थन मूल्य लागू भएपछि किसानले लागत नजिकको मूल्य पाउन थालेका छन्। लामो समयपछि अण्डाको बिक्री मूल्य उत्पादन लागतको हाराहारीमा पुगेकाले किसानलाई केही राहत मिलेको अध्यक्ष पोखरेलको भनाइ छ। उनले पछिल्लो समय नेपालमा पर्यटकको आगमन बढ्नु, सीमा क्षेत्रमा अण्डाको आयात तथा ओसार पसारमा कडाइ हुनु र आन्तरिक बजारमा माग बढ्नुलेसमेत अण्डाको मूल्य सुधारमा सहयोग पुगेको बताए।

किसानले अहिले लागत नजिकको मूल्य पाए पनि उत्पादन लागत नियन्त्रण र बजार व्यवस्थापनका लागि सरकारी निकायबाट सहयोग र नीतिगत समर्थन आवश्यक रहेको अध्यक्ष पोखरेलले बताए।

उनले उत्पादन लागत घटाउने तथा बजारलाई व्यवस्थित बनाउने उपाय अवलम्बन गर्नसके हालको मूल्य अवस्था कायम राख्न सकिने धारणा व्यक्त गरे।

# मूल्य नपाउँदा किसान सस्तोमा धान बिक्री गर्न बाध्य

भरतपुर। चैते धान लगाउने सिजनमै सरकारले न्यूनतम समर्थन मूल्य तोक्दा चितवनका किसान उत्साहित भएका थिए। विगतका वर्षमा धान पाकिसकेपछि मात्र मूल्य निर्धारण गर्ने परिपाटी तोड्दै सरकारले यसपटक रोपाइँकै समयमा प्रतिक्विन्टल दुई हजार ८ सय ५६ रुपैयाँ ४९ पैसा समर्थन मूल्य घोषणा गरेको थियो।

किसानले यसलाई उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने सरकारी प्रतिबद्धताका रूपमा बुझे। तर, खेतमा पसिना बगाएर धान भित्र्याउने समयमा भने त्यो मूल्य कागजमै सीमित बनेको छ।

पूर्वी चितवनका किसानहरू अहिले आफ्नो उत्पादन बिक्री गर्दा सरकारले तोकेको मूल्यको आधा जति रकममा समेत चित्त बुझाउन बाध्य छन्। यसले उत्पादन लागतसमेत नउठ्ने अवस्था सिर्जना भएको किसानहरूको गुनासो छ।

खैरहनीका किसान गणेशकुमार श्रेष्ठले डेढ बिघा जमिनमा चैते धान खेती गरेका छन्। उत्पादन घट्नुका साथै मूल्य पनि नपाउँदा आफू दोहोरो मारमा परेको उनी बताउँछन्। उनका अनुसार एक बिघामा २० देखि २२ हजार रुपैयाँसम्म खर्च हुने गरेको छ। रोपाइँका लागि खेतालाको ज्याला प्रतिव्यक्ति ९ सय रुपैयाँ पुगेको छ भने मलखादको मूल्य पनि महँगो भएको उनले बताए।

'लागत मूल्य उठाउन मात्र पनि धानको मूल्य प्रतिक्विन्टल चार हजार रुपैयाँ जति हुनुपर्छ,' श्रेष्ठले धानको रास देखाउँदै भने 'सरकारले समर्थन मूल्य तोक्यो भनेर खुसी भएका थियौं। तर, अहिले बजारमा त्यसको कुनै अर्थ देखिएन।' उनले आवश्यक समयमा मल सहजरूपमा नपाइने समस्यासमेत रहेको सुनाए।

चितवनका अर्का किसान सुवास थापा कृषि उत्पादनको लागत निरन्तर बढिरहे पनि धानको मूल्य भने घट्दै गएको बताउँछन्। उनका अनुसार ट्र्याक्टरको भाडा, मजदुरी र कृषि सामग्रीको खर्च बढ्दो छ। 'खेतालाको ज्याला एक हजार रुपैयाँ पुगिसक्यो। ट्र्याक्टरको भाडा पनि महँगो छ', उनले भने 'यस्तो अवस्थामा कम्तीमा तीन हजार रुपैयाँ प्रतिक्विन्टल मूल्य भए किसानलाई केही राहत हुन्थ्यो।'

उनले छिमेकी जिल्लाका केही स्थानीय तहले धान खरिदका लागि दर निर्धारण गरेर किसानलाई सहयोग गरिरहेको उल्लेख गर्दै चितवनमा त्यस्तो पहल नदेखिएको गुनासो गरे। अघिल्लो एक वर्ष व्यापारीबीच प्रतिस्पर्धा हुँदा धानको मूल्य २८ सय रुपैयाँसम्म पुगेको स्मरण गर्दै उनले यसपटक किसानमाथि अन्याय भएको बताए।

पूर्वी चितवनका अधिकांश किसानले अहिले फरक-फरक मूल्यमा धान बिक्री गरिरहेका छन्। कतिले प्रतिक्विन्टल १ हजार ५ सय रुपैयाँ पाएका छन् भने कतिले १ हजार ८ सय रुपैयाँसम्ममा बिक्री गरेको उनले बताए।

सरकारले तोकेको मूल्य र बजार मूल्यबीचको ठूलो अन्तरले किसान निराश बनेको उनको धनीराम चौधरी बताउँछन्।

'पाँच कठ्ठाको धान बेचेर परिवारको खर्च धान्न सकिन्थ्यो। अहिले त लागत उठाउन पनि गाह्रो भएको छ। मलको अभाव छ। जोताइको खर्च बढेको छ। सरकारले किसानलाई हेर्नुपर्छ।'

कृषि तथा पशुपन्छी विकास, वन तथा वातावरण मन्त्री गीता चौधरीको पहलमा गत चैतको तेस्रो साताभै चैते धानको समर्थन मूल्य निर्धारण गरिएको थियो। किसानलाई उचित मूल्य सुनिश्चित गर्नु र उत्पादन वृद्धि गर्न प्रोत्साहित गर्ने सरकारको उद्देश्य थियो। तर व्यवहारमा भने उक्त निर्णय कार्यान्वयन हुन नसकेको कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेल बताउँछन्। उनले सरकारले तोकेको न्यूनतम समर्थन मूल्य अनुसार खरिद-बिक्री हुन नसकेको बताए। उनका अनुसार किसानको उत्पादन बजारसम्म पुर्‍याउने, खरिद प्रणालीलाई व्यवस्थित बनाउने र समर्थन मूल्य कार्यान्वयन गराउने विषयमा राज्यको सक्रियता आवश्यक छ।

'न्यूनतम समर्थन मूल्य घोषणा मात्रै गरेर हुँदैन,' उनले भने 'त्यो मूल्यमा खरिद सुनिश्चित गर्न सरकारी संयन्त्र र बजार व्यवस्थापन दुवै आवश्यक हुन्छ। किसानको पक्षमा सहजीकरण गर्नुपर्ने देखिएको छ।'

सरकारले १८ प्रतिशत चिस्यान भएको चैते धानका लागि उक्त समर्थन मूल्य निर्धारण गरेको हो। यदि चिस्यान मात्रा १८ प्रतिशतभन्दा बढी भएमा प्रतिक्विन्टल एक किलो दुई सय ग्रामका दरले तौल घटाएर मूल्य कायम गर्ने व्यवस्था छ।

गत आर्थिक वर्षको तुलनामा यस वर्ष चैते धानको समर्थन मूल्य प्रतिक्विन्टल ५५ रुपैयाँ ८० पैसा बढाइएको थियो। अघिल्लो वर्ष समर्थन मूल्य २ हजार ८ सय रुपैयाँ ६९ पैसा थियो।

# जङ्क आर्ट प्रतियोगितामा सिर्जना स्कुल पहिलो

भरतपुर। विश्व वातावरण दिवस २०२६ को अवसरमा भरतपुर महानगरपालिकाद्वारा आयोजित र 'बेटर चितवन'को संयोजनमा सम्पन्न महानगरस्तरीय जङ्क आर्ट कम्पिटिसनमा सिर्जना इङ्ग्लिस स्कुलले प्रथम स्थान हासिल गरेको छ। कक्षा ६ देखि ९ सम्मका विद्यार्थीहरूका लागि खुला गरिएको सो प्रतियोगितामा चितवनका प्रतिष्ठित विद्यालयहरूको सहभागिता रहेको थियो।

प्रतिस्पर्धामा सिर्जना इङ्ग्लिस स्कुलका कक्षा ७ र ८ मा अध्ययनरत प्रतिभावान् विद्यार्थीहरू सम्राट अधिकारी, अक्सा उप्रेती र रोशनी अधिकारी सम्मिलित तीन सदस्यीय टोलीले प्रतियोगिता स्थलमै फालिएका प्लास्टिकका बोतल, पुराना चाउचाउका खोल, मन्जनका ट्युब र पुराना कार्टुनको मात्र प्रयोग गरी कुनै पनि फलामे रडबिना पूर्ण सन्तुलनमा आधारित प्लास्टिकबाट ब्युँतिएको सानो फिओनिक्स चराको सङ्ग्रहालयस्तरीय मुख्य मोडेल तयार पारेका थिए।

उत्कृष्ट प्राविधिक कौशल र पर्यावरणमैत्री नवप्रवर्तन प्रदर्शन गर्दै प्रतियोगितामा सनराइज इङ्ग्लिस स्कुलले द्वितीय स्थान हासिल गरेको छ भने अर्किड स्कुल तृतीय स्थान ओगट्न सफल भएको छ।


अन्तिम उत्पादनको उपयोगिता विधालाई शतप्रतिशत न्याय गर्न सिर्जनाको टोलीले दैनिक जीवन र कक्षाकोठामा सीधै प्रयोग गर्न मिल्ने गरी पुराना बट्टा र बोतलबाट कसिलो फोहोरदानी, कलात्मक कलमदानी, फूलदान, डस्टर र फोटो फ्रेम जस्ता पाँच वटा अन्य बहुउपयोगी सामग्रीहरूसमेत निर्माण गरेर देखाएका थिए। सामग्री निर्माणसँगै विद्यार्थीहरूले नेपालको प्लास्टिक प्रदूषणको भयावह तथ्याङ्कलाई उजागर गर्दै प्रस्तुत गरेको उच्च नाटकीय संवाद र चेतनामूलक प्रस्तुतिले निर्णायक मण्डल तथा उपस्थित महानगरका अधिकारीहरूलाई समेत भावुक र प्रभावित बनाएको थियो।

नियमको परिधिभित्र रही विद्यार्थीहरूले गरेको उत्कृष्ट समय व्यवस्थापन, कडा मिहिनेत र प्रस्तुतिमा भरेको नौलो नाटकीय मोड नै सिर्जनाको जितको मुख्य आधार बन्यो।

विद्यार्थीहरूको यो अद्वितीय उपलब्धिलाई कदर गर्दै सिर्जना इङ्ग्लिस स्कुलका प्रिन्सिपल, शिक्षकशिक्षिकाहरू तथा सम्पूर्ण विद्यालय परिवारले विजेता विद्यार्थीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि पर्यावरण संरक्षण र विद्यार्थीहरूको चौतर्फी विकासका लागि यस्ता रचनात्मक कार्यहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ।

न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/

# फिल्म/मनोरञ्जन



## पत्नीपीडित पतिको कथा "चमेलीको पोइ", असोज १६ मा प्रदर्शन

काठमाडौं। एभरेष्ट सूर्य बोहराको लेखन तथा निर्देशनमा बनेको फिल्म 'चमेलीको पोइ' विजयादशमी (दशैं)को छेको पारेर असोज १६ गतेबाट प्रदर्शनमा आउने भएको छ। मंगलबार निर्माताले एक पोस्टर सार्वजनिक गर्दै फिल्मको नयाँ प्रदर्शन मितिबारे जानकारी गराएका हुन्। यसअघि गत वर्षको चैत १३ गतेलाई फिल्मको प्रदर्शन मिति तय गरिएको थियो।




सार्वजनिक पोस्टरमा फिल्मका मुख्य जोडी सुरक्षा पन्त र मुकुन भुषाल देखिएका छन्। सुरक्षाले मुकुनको दुईवटै खुटा समातेर भुइँमा तानिरहेको देख्न सकिन्छ। मुकुन भने रुन्चे अनुहारमा कसैसँग सहयोग मागिरहेका छन्। यसले पत्नीबाट पीडित पुरुषको कथामा फिल्म आधारित रहेको संकेत गर्छ। यद्यपि, निर्माण टिमले कथावस्तुबारे जानकारी गराएको छैन।

यस फिल्ममा सुरक्षा र मुकुनसहित नारायण त्रिपाठी, विल्सन विक्रम राई, रविन्द्र झा, अंशु महर्जन, खड्कबहादुर पुन, उमेश राई, रजनी गुरुङ, सुनिता सापकोटा, गणेश गौतम, प्रेमदेव गिरी, रितु मल्ल ठकुरी, धनलक्ष्मी बोहरा, श्रेया नारायणलगायतका कलाकारहरूको अभिनय रहेको छ। नारायण त्रिपाठीले यही फिल्मबाट दुई दशकपछि अभिनयमा पुनरागमन गरेका हुन्।

धनलक्ष्मी सिने मेकर्सको ब्यानरमा निर्माण भएको फिल्मका निर्मातामा सुनिता सापकोटा र रामनारायण उपाध्याय रहेका छन्। कार्यकारी निर्माताहरू उदय बिक्रम राणा, रितु मल्ल ठकुरी र कपिल आचार्य हुन्। फिल्मका गीतमा राजनराज सिवाकोटी र आशिष अविरलको संगीत रहेको छ भने कविराज गहतराजको कोरियोग्राफी तथा कुमार महर्जनको द्वन्द्व निर्देशन छ। - *फिल्मीखबरबाट।*

## दयाहाङको "पेन्सन पट्टा" बेलायत र हङकङमा बुक

काठमाडौं। कलाकार माओत्से गुरुङको निर्देशनमा बनेको फिल्म 'पेन्सन पट्टा'को विदेश प्रदर्शन अधिकार बिक्री हुन थालेको छ। तीजको अवसर पारेर भदौ २६ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्मको बेलायत र हङकङमा प्रदर्शन अधिकार बिक्री भएको हो। फिल्मलाई बेलायतमा सपन इन्टरटेन्टमेन्ट र हङकङमा मेन ड्रागनले प्रदर्शन गर्नेछन्।




निर्देशक गुरुङले पोस्टरबाहेक फिल्मका अन्य कुनै प्रचार सामग्री सार्वजनिक नहुँदै दुई देशमा प्रदर्शन अधिकार बिक्रीले उत्साहित बनाएको बताए। उनले अन्य देशहरूबाट पनि फिल्मको प्रदर्शनका लागि माग आइरहेकोजानकारीदिए। यसअघि २०८० सालमा 'दयारानी' बनाएका गुरुङको यो दोस्रो मूलधारको फिल्म हो।

माओत्से गुरुङ फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा दयाहाङ राई, सुनिल थापा, पशुपति राई, गौमाया गुरुङ, बुद्धि तामाङ, विल्सन विक्रम राई, सुनिल थापा, सोल गुरुङ, राज थापा काउचा, पुष्कर गुरुङ, अनुशा राई, लुनिभा तुलाधर, विश्वास गुरुङ, माया गुरुङ, यासिली लिम्बु, कुबिना गुरुङ, डिवी गुरुङ, प्रतिक्षा गुरुङलगायतका कलाकारहरूको अभिनय रहेको छ।

निर्देशक गुरुङ स्वयंको लेखन रहेको फिल्मका निर्माताहरू मीन कोन्मे गुरुङ, भोज बहादुर गुरुङ, माया गुरुङ र सपना गुरुङ हुन्।

सुशन प्रजापतिले छायांकन गरेको फिल्मका गीतमा मनोज थापा मगर, शिव बराइली र सुरुङ गुरुङले संगीत तथा कियर कोइचको सम्पादन रहेको छ। फिल्मले लोभी केटा कसरी दानी बन्छ भन्ने कथा प्रस्तुत गर्ने जनाइएको छ।

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

# ‘भोजमा ४० प्रतिशत खाना फाल्छन्’

भरतपुर । अनुपम फुड्ल्यान्ड र दियालो फुड्ल्यान्डका पाँच शाखाको नेतृत्व गर्दै आएका जनप्रकाश चापागाईंले भोजमा करिब ३० प्रतिशत खाना फालिने गरेको बताएका छन् । विश्व खाद्यसुरक्षा दिवसका सन्दर्भमा कुराकानी गर्ने क्रममा उनले विभिन्नथरी खाना राख्दै जाँदा प्लेट भरिने हुनाले त्यसको झण्डै आधा फालिने गरेको उल्लेख गरे ।

‘होटल, रेस्टुरेन्ट र पार्टी प्यालेसले गर्ने भोजभतेरका कार्यक्रममा अधिक खाना फालिन्छ । घरमा पनि बढी खाना पकाउँदा फालिने गरेको पाइन्छ । ग्रामीण क्षेत्रमा फालिएका खाना पशु चौपालयले खाने भए पनि सहरी क्षेत्रमा त्यसरी फालिएका खाना फोहरका रूपमा परिणत हुन्छ’, चापागाईंले भने, ‘खाना फाल्न रोक्न धेरै प्रयास गरियो । सफल भइएन ।’

यसरी खाना फाल्ने प्रवृत्तिका कारण खुवाउनेका लागि भोजभतेर महँगो हुने गरेको भन्दै उनले मुलुक बाहिरबाट खाद्यान्न आउने हुँदा समग्र अर्थतन्त्रमा यसले प्रभाव पार्ने बताए । बिहानको खानामा कम फालिने भए पनि दिउँसो र साँझ गरिने भोजमा अधिक फालिने गरेको चापागाईंको भनाइ छ । होटलमा मदिरासहितको भोजमा अरु बढी फालिने गरेको उनले अनुभव सुनाए ।

देशभर ३० वटा होटल, रेस्टुरेन्ट र क्याफे सञ्चालन



गरिरहेका सिद्धार्थ हस्पिटालिटीका प्रमुख कार्यकारी निर्देशक कृष्ण न्यौपानेले ४० प्रतिशत खाना फालिने गरेको बताए । उनले भने, ‘सुरुसुरुमा हामीले खाना प्याकिङ गरेर घर पनि पठायौं तर सकेनौं ।’ आफूहरूले व्यानरसमेत राखेर खाना फाल्नबाट बचाउने प्रयास गरे पनि सफल नभएको बताउँदै उनले खाना फाल्नेलाई नफाल्न आग्रह गर्दा उल्टै गाली गर्ने गरेका अनुभव सुनाए ।

आफ्नो कैलालीको होटलमा एक जना जापानिजले गरेको कार्यक्रममा फालिएको खाना देखेर ती जापानिजले ‘दैनिक चार पटक खाने खानाको अड्कल गर्न नसक्नेले के काम गर्न सक्छन्’ भन्ने प्रश्न गरेका न्यौपानेले अनुभव सुनाए । केहीले आफूले खानसक्ने मात्र छानेर खाने गरे पनि धेरैले भोजमा राखिएका सबै चिज खान खोज्दा धेरै फालिने गरेको न्यौपानेले बताए । उनले भने, ‘खाना फाल्नबाट रोक्न सकियो भने भोजभतेरको खर्च कम हुन्छ ।’ फालिने खानाको समेत हिसाब गर्नुपरेकाले आयोजकको खर्च बढ्ने गरेको उनको भनाइ छ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयका संस्थापक रजिस्टार प्राडा सूर्यकान्त घिमिरेले विश्वमा फालिएको खाना बचाउने हो भने ३० प्रतिशतलाई खान पुग्ने जानकारी दिए । आफू विद्यावारिधि गर्दा छ वर्ष जापान बसेको भन्दै उनले जापानिज खाना बाँकी रहेमा पोको पारेर घर लैजाने गरेकाले नै अन्य देशमा खानाको सुरक्षा कम हुने गरेको बताए । ‘नेपालमा खाना फाल्ने चलन धेरै छ । यसलाई रोक्न सबैको पहल र ऐक्यबद्धता जरुरी छ । खानालाई कसरी स्वस्थकर बनाउन सकिन्छ भन्नेबारेमा सोच्नुपर्ने देखिन्छ’, उनले भने ।

भारतमा महात्मा गान्धीले कसैलाई असहज महसुस हुनासाथ एकछाक खाना छोड्न गरेको अपिल स्मरण गर्दै गान्धीले सधैँ भातको सट्टा खानामा विविधीकरण गर्नुपर्ने बताउने प्राडा घिमिरेले उल्लेख गरे । टर्कीका बासिन्दाले पहिले-पहिले बिहान बेलुका दालभात, तरकारी खाने गरेकामा अहिले एकछाक अन्य परिकार खाने गरेका भन्दै नेपालीले पनि यस विषयमा ध्यान दिनुपर्नेमा उनले जोड दिए । खाद्य बचत र स्वास्थ्यका लागि यो उत्तम विकल्प हुनसक्ने उनको भनाइ छ ।

नियमित बिहान-बेलुका दालभात तरकारी खाने प्रचलनका कारण कम उत्पादन भए पनि धान रोप्ने नेपाली परम्परालाई परिवर्तन गरेर जे धेरै उत्पादन हुन्छ त्यसमा ध्यान दिन प्राडा घिमिरेले आग्रह गरे । नेपालले वार्षिक रु ४५ देखि ५० अर्बको खाद्यान्न मात्र आयात गर्ने जनाउँदै उनले खाना नफाल्ने, खानामा विविधिकरण ल्याउने र बाँझो जमिनमा खेती गर्नसके आयात घट्ने बताए ।

## नैतिक ...

नगरप्रमुख चित्रसेन अधिकारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा बोल्दै उनले विद्यालय शिक्षा केवल पाठ्यपुस्तकमा सीमित नभई विद्यार्थीको चरित्र निर्माण, सामाजिक उत्तरदायित्व र नेतृत्व क्षमताको विकाससँग जोडिनुपर्ने बताए । उनले विद्यार्थीहरूलाई असल, सभ्य र जिम्मेवार नागरिकका रूपमा विकास गर्न यस्ता अतिरिक्त तथा व्यवहारिक कार्यक्रमहरू अत्यन्त आवश्यक रहेको उल्लेख गरे ।

उनले कार्यक्रममा सहभागी विद्यार्थी तथा शिक्षकहरूले प्राप्त ज्ञान र सीपलाई आफ्ना विद्यालय तथा समुदायमा विस्तार गरी अन्य विद्यार्थीलाई समेत लाभान्वित गराउनुपर्नेमा जोड दिए । समय व्यवस्थापनको महत्त्वबारे चर्चा गर्दै उनले समयको मूल्य सबैले बुझ्ने गरे पनि व्यवहारमा त्यसको प्रभावकारी प्रयोग गर्न नसकिएको बताए । परिवर्तनको सुरुआत आफूबाटै गर्नुपर्ने उल्लेख गर्दै उनले प्रेरणादायी छोटो मन्तव्य राखेका थिए ।

कार्यक्रमका प्रमुख प्रशिक्षक प्रा।डा। होमबहादुर बस्नेतले आफ्नो प्रशिक्षणको ६२३औँ शृृ लाअन्तर्गत विद्यार्थीहरूलाई नैतिकता, सकारात्मक सोच, आत्मानुशासन तथा सामाजिक उत्तरदायित्वका विषयमा प्रशिक्षण दिएका थिए । उनले शिक्षा केवल ज्ञान हासिल गर्ने माध्यम नभई जीवनलाई सही दिशामा डोऱ्याउने प्रक्रिया भएको बताए । सफल जीवन निर्माणका लागि सकारात्मक सोच, समयको सदुपयोग, अनुशासन तथा निरन्तर प्रयास आवश्यक रहने उनको भनाइ थियो ।

प्रा।डा। बस्नेतले अभिवादन संस्कार, सम्मानजनक व्यवहार र जिम्मेवारीबोधले व्यक्तित्व विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गरे । सकारात्मक दृष्टिकोण सफलताको मूल आधार भएको बताउँदै उनले ‘सकारात्मकताका रङ्ले संसारलाई रङ्ग्याऔँ” भन्ने सन्देशसहित विद्यार्थीहरूलाई समाजमा सकारात्मक परिवर्तनका संवाहक बन्न प्रेरित गरेका थिए । उत्तरदायित्व पूरा गर्न सक्ने व्यक्तिले नै आफ्नो अधिकारको सही उपयोग गर्न सक्ने उनको भनाइ थियो ।

कार्यक्रमको दोस्रो चरणमा सहभागी विद्यार्थीहरूलाई प्राथमिक उपचारसम्बन्धी व्यवहारिक तालिम प्रदान गरिएको थियो । नेपाल रेडक्रस सोसाइटीका प्रशिक्षक चीजबहादुर आलेले सहजीकरण गरेको उक्त तालिममा आकस्मिक दुर्घटना वा स्वास्थ्य समस्या उत्पन्न हुँदा अस्पताल वा विशेषज्ञ चिकित्सकको सेवा प्राप्त नहुँदासम्म अपनाउनुपर्ने प्राथमिक उपचारका उपायहरूबारे जानकारी गराइएको थियो ।

तालिमका क्रममा अत्यधिक रक्तश्राव नियन्त्रण गर्ने विधि, सर्पदंश भएमा अपनाउनुपर्ने सावधानी, विषालु तथा विषरहित सर्पको पहिचान, हातखुट्टा भाँचिएको अवस्थामा गरिने प्राथमिक उपचार तथा आपत्कालीन अवस्थामा देखाउनुपर्ने सतर्कताका विषयमा व्यवहारिक अभ्याससमेत गराइएको थियो ।

वडा शिक्षा समिति सदस्य रामचन्द्र चालिसेले सञ्चालन गरेको कार्यक्रम वडा नं. ७ का वडाध्यक्ष राजेन्द्रमणि काफ्लेको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रममा सहभागी विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा शिक्षा क्षेत्रसँग आबद्ध व्यक्तिहरूको समेत उल्लेख्य उपस्थिति रहेको थियो ।






## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं ।**

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

## साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो सातामा शुभकार्यको चर्चा चल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ । नसोचेको ठाउँबाट धनागम हुनेछ । आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ ।

**वृष** — यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ । प्रेममा मधुरता छाउला । आँटेको र ताकेको कार्य पुरा होला । साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ ।

**मिथुन** — यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ । रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ । साताको अन्त्यमा व्यस्तता बढनुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला ।

**कर्कट** — यो साता शुभ कार्यको योजना बन्नेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सेयरको कारोबारमा फाइदा पनि बढन सक्छ । साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला ।

**सिंह** — यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला ।

**कन्या** — यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । सांगीतिक क्षेत्रमा रुचि बढनेछ । साताको मध्यमा सरकारी निकायको भय रहला ।

**तुला** — यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ । रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । विज्ञान र प्राविधिक कार्य अघि बढनेछ । मान प्रतिष्ठामा वृद्धि होला । प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढनेछन् ।

**वृश्चिक** — यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ । रमणीय र सुखद यात्राको योग छ । राजनीतिक कार्यमा सफलता मिल्नेछ । नयाँ कार्यको अवसर मिल्नेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु** — यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला । मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला । मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ ।

**मकर** — यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ । सामाजिक कार्यमा रुचि बढनेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । मनोरञ्जनमा सहभागिता भइएला ।

**कुम्भ** — यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ । व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ ।

**मिन** — यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ । साताको मध्यमा मानसिक चिन्ता बढनेछ ।

# चेपाङ केन्द्रलाई खाद्यान्न सहयोग

भरतपुर । अटोमोबाइल्स बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १५औं स्थापना




दिवसको अवसरमा रत्ननगर-११, मङ्गलपुरस्थित गामबेँसीको चेपाङ संरक्षण केन्द्रका लागि ५० बोरा बढी चामल लगायतका सामग्री हस्तान्तरण गरेको छ ।

संस्थाका तर्फबाट १३ बोरा चामल, एक बोरा आलु, एक कार्टुन तेल, एक बोरा प्याज, एक बोरा सोयाविन, एक बोरा दाललगायतका खाद्यान्न सामग्री वितरण गरिएको थियो भने लायन्स क्लब अफ चितवन अटोमोबाइल्सका तर्फबाट १५ हजार रुपैयाँबराबरको खाद्यान्न, चन्द्रकान्त शर्मा (अनुराग गुरागाईं) बाट पाँच हजार रुपैयाँबराबरको चामल, शिवराज चौधरीबाट तीन बोरा चामल, विवश पियाबाट दुई बोरा चामल, मोहन केसीबाट २७०० बराबरको सामग्री हस्तान्तरण गरिएको थियो ।

यस्तै, संस्थासँग जोडिएका ३१ जनाले एक-एक बोरा चामल सहयोग गरेका छन् । ती सेयर सदस्यहरुमा सीता रेग्मी काफ्ले, सुमन बर्तौला, मधुसूदन पौडेल, दीपककुमार रानाभाट, टुङ्गबहादुर श्रेष्ठ, जुना लामिछाने पौडेल, निरोज श्रेष्ठ, विष्णुप्रसाद चापागाईं, भीमप्रसाद सुवेदी, सावित्री पौडेल न्यौपाने, नीलकण्ठ बास्कोटा, कृष्णराज वाग्ले, पूर्णभद्र सापकोटा, रामशरण भट्टराई, सुभाष कँडेल, भीमलाल न्युरे, मनोज खनाल, ज्ञानुप्रसाद न्यौपाने, दीपमणि पाठक, चिरञ्जीवी अर्याल, महसुर पिया, महेन्द्र वाग्ले, सुमन भुसाल, रवीन दाहाल, तीर्थ अधिकारी, पुरुषोत्तम पौडेल, श्रीप्रसाद श्रेष्ठ, अमृत जोशी, आकाश कँडेल र डिलाइट मोटर पार्ट्स एन्ड सप्लायर्स रहेका छन् ।

संस्थाका अध्यक्ष कृष्णप्रसाद काफ्ले र चितवन अटोमोबाइल्स एसोसिएसनका अध्यक्ष मोहन केसीको अध्यक्षता एवम् संस्थापक अध्यक्ष भीमलाल न्युरेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा केन्द्रका अध्यक्ष केपीकिरण शर्मामार्फत खाद्यान्न सहयोग गरिएको हो ।

कार्यक्रममा चितवन अटोमोबाइल्स एसोसिएसनका निवर्तमान अध्यक्ष कुलबहादुर क्षेत्री (राजु), संस्थाका लेखा सुपरीवेक्षण समितिका संयोजक ज्ञानुप्रसाद न्यौपाने, चितवन अटोमोबाइल्स एसोसिएसनका पूर्वअध्यक्षहरु महेन्द्र वाग्ले र अमृत जोशी, लायन्स क्लब अफ चितवन अटोमोबाइल्सका अध्यक्ष नवराज रिजाललगायतको आतिथ्यता रहेको थियो ।

संस्थाका सञ्चालक समिति सदस्य दिनेशप्रसाद पाठकको संयोजकत्वमा सम्पन्न सो कार्यक्रम संस्थाका सचिव सुनिल देवकोटाले सञ्चालन गरेका थिए ।

# भरतपुर अस्पतालबाटै कर्मचारीको उपचार

भरतपुर । निजामती कर्मचारीले स्वास्थ्य उपचारका लागि केन्द्रीय राजधानी काठमाडौँको निजामती कर्मचारी अस्पताल (सिभिल अस्पताल) धाउनुपर्ने बाध्यता अन्त्य गर्दै सरकारले प्रदेश स्तरमै अस्पतालको सेवा विस्तार गरेको छ ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोमबारदेखि नै लागू हुनेगरी विभिन्न प्रदेश अस्पतालहरूबाट कर्मचारीहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराउन लागेको हो । सेवा प्रदानका लागि भरतपुर अस्पतालसँग सम्झौता भएको प्रमुख मेडिकल सुपरिटेन्डेन्ट विश्वबन्धु बगालेले जानकारी दिए । अब कार्ड भएका कर्मचारीहरूले सिभिल अस्पतालले दिने सरहकै सेवा भरतपुर अस्पतालबाट प्राप्त गर्ने उनले बताए ।

सरकारले बागमती प्रदेशका लागि भरतपुर अस्पताल र मधेस प्रदेशका लागि वीरगन्जस्थित नारायणी अस्पतालसँग सम्झौता गरेको हो । सामान्य प्रशासन मन्त्री प्रतिभा रावलका अनुसार काठमाडौँ उपत्यका बाहिर कार्यरत तथा बसोबास गर्ने निजामती कर्मचारी, अवकाशप्राप्त कर्मचारी र उनीहरूका आश्रित परिवारको सहजताका लागि यो नीति ल्याइएको हो ।

'हाम्रो मुख्य उद्देश्य कर्मचारी र उनीहरूका परिवारलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज, सुलभ र पहुँचयोग्य रूपमा उनीहरूकै प्रदेशमा उपलब्ध गराउनु हो,' मन्त्री रावलले भनिन्, 'यसले कर्मचारीहरूको समय र खर्च दुवैको बचत गर्नेछ र उनीहरूको मनोबल उच्च बनाउन सहयोग पुग्नेछ ।'

यस सम्झौताअनुसार अब निजामती कर्मचारीहरूले सिभिल अस्पताल काठमाडौँबाट पाउँदै आएका सबै प्रकारका छूट र सहुलियतहरू यी तोकिएका अस्पतालहरूबाटै पाउने छन् ।

सेवा प्राप्त गर्नका लागि कर्मचारी वा अवकाशप्राप्त कर्मचारीले निजामती कर्मचारी अस्पतालले जारी गरेको आधिकारिक परिचयपत्र अनिवार्यरूपमा साथमा राख्नुपर्ने व्यवस्था गरिएको छ ।

**पानी उमालेर मात्रै पिउने बानी बसालौं ।**











